# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या ०१, मकवानपुर, वैशाख २६ गते, २०७७ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**लकडाउन अवधिमा उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माण एवं सेवा प्रवाह कार्य सञ्चालन मार्गदर्शन, २०७७**

संवत् २०७७ सालको मार्गदर्शन नं. ४४

# लकडाउन अवधिमा उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माण एवं सेवा प्रवाह कार्य सञ्चालन मार्गदर्शन, २०७७

**प्रस्तावना :** नोवेल कोरोना भाइरस (कोभिड १९) को महामारीले नेपाल सहित विश्वलाई आक्रान्त बनाइरहेको छ । नेपाल सरकारले नोवेल कोरोना भाइरसको संक्रमणबाट जोगिन विश्व स्वास्थ्य संगठनले दिएको सल्लाह र छिमेकी देशको अवस्थालाई मध्यनजर गरी मिति २०७६/१२/११ देखि देशभर लकडाउन घोषणा गरी कार्यान्वयन गरेको करिव दुई महिना पुग्न लागिसकेको छ । विशेषगरी कृषि उपजको पकेट क्षेत्र रहेको र यस गाउँपालिकामा सञ्चालित विकास निर्माणका कार्यहरु समेत प्रभावित भएका छन् । लकडाउनबाट लामो समयसम्म कृषि उपजका सामग्रीले बजार नपाउँदा, विकास निर्माणका कार्यहरु स्थगन भइरहदाँ र भएका उद्योग प्रतिष्ठानहरु सञ्चालन नहुंदा आर्थिक गतिविधि लगभग ठप्प हुने अवस्था छ । यस अवस्थालाई मध्यनजर गरी गाउँपालिकाभित्र उत्पादित कृषि उपज, भएका उद्योग र विभिन्न आयोजनाहरुको निर्माण कार्य गर्ने, गराउने प्रयोजनका लागि यो मार्गदर्शन तर्जूमा गरि जारी गरिएको छ ।

## भाग: १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मार्गदर्शनको नाम "लकडाउनको अवधिमा उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माण एवं सेवा प्रवाहसम्वन्धी कार्य सञ्चालन मार्गदर्शन, २०७७" रहनेछ ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो मार्गदर्शन राक्सिराङ्ग गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र लागु हुनेछ ।

(४) यो मार्गदर्शनको पालना गर्नु यस क्षेत्रभित्र बसोबास गर्ने व्यक्ति एवं संचालित फर्म, उद्योग, कम्पनी, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी/व्यापारी, कृषक लगायत कार्यरत कर्मचारीहरुको कर्तव्य हुनेछ । साथै, यस मार्ग दर्शन विपरित गरिने कार्य दण्डनिय हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदडमा,

(क) "लकडाउन" भन्नाले नेपाल सरकारले कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा न्यूनीकरणको लागि तोकेको वन्दावन्दीको अवस्थालाई सम्झिनु छ ।

(ख) "सवारी पास" भन्नाले खाद्यन्न, कृषि उपज, मल खाद, निर्माण सामाग्री ढुवानिको लागि गाउँपालिका स्तरमा गाउँपालिका अध्यक्षद्वारा र गाउँपालिका बाहिर जिल्ला प्रशासन कार्यालयबाट जारी सवारी आवगमन पासलाई सम्झिनु पर्छ ।

## भाग: २

## कृषि उपज र तरकारी व्यवस्थापन:

३. **रासायनिक मल, खाद सम्वन्धी व्यवस्था :** (१)बाली लगाउने सिजन भएको सन्दर्भमा मलखादको आवश्यक्तालाई मध्यनजर गरी कृषि सामग्री संस्थानले यस गाउँपालिकाको सिफारिसमा प्रत्येक वडा, टोल र बस्तीहरुमा रहेका कृषि सहकारी संस्थामार्फत कृषकहरुलाई मल खाद वितरण गर्ने व्यवस्था मिलाउने । आवश्यक मलखाद बाहिर जिल्लाबाट ल्याउनुपर्ने वा ढुवानी गर्नुपर्ने अवस्थामा यस गाउँपालिकाको सिफारिसमा

जिल्ला प्रशासन कार्यालयले सवारी पास उपलव्ध गराइदिने व्यवस्था गर्ने ।

(२) एउटा वडामा एउटा सहकारी संस्थाबाट मलखाद उपलब्ध गराउने प्रयोजनको लागि कृषि सामग्री संस्थानलाई सम्बन्धीत वडाको सिफारिसमा गाउँपालिकाबाट पत्राचार गर्ने प्रबन्ध मिलाइनेछ ।

(३) यस गाउँपालिकामा दर्ता भै सञ्चालनमा रहेका वीउ विजनका पसलहरु प्रत्येक दिन विहान ०८:०० बजे देखि ११:०० बजेसम्म खोलि विक्रि वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यदि गाउँपालिका भित्र वीउ वीजन प्राप्त हुने अवस्था नरहेमा उद्योग वाणिज्य संघमार्फत समन्वय गरी छिमेकी गाउँपालिका वा जिल्लाबाट वीउवीजन प्राप्त हुने व्यवस्था गाउँपालिकाले मिलाउनेछ ।

४. **उत्पादित कृषि उपज खरिद, विक्री सम्वन्धी व्यवस्था :** (१) गाउँपालिकामा उत्पादित कृषि उपजका सामग्रीहरु, तरकारी, दुग्धजन्य पदार्थ र अन्य सामग्रीहरु उपभोक्ता माझ सहज रुपमा पुऱ्याउन गाउँपालिकाको सिफारिसमा स्थानीय उद्योगी, व्यापारी तथा व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालयको समन्वयमा बजारसम्म वितरणको व्यवस्था मिलाउनेछन् ।

(२) मानिसको भीड कम गर्न वा सामाजिक दूरीलाई कायम राख्न मुख्य बजार स्थलमा थोक विक्रेताको कार्यमात्र हुने गरी स्थानीय वडा कार्यालयहरुले स्थानीय टोल स्तरमा तोकेको पसलमा खुद्रा विक्रि वितरणको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) पालिकाभित्र उत्पादित सामग्रीहरुको उपयुक्त वजार व्यवस्थापनका लागि प्रत्येक वडा र पालिका भित्र प्रत्येक दिन विहान ०६:०० बजे देखि विहान ०९:०० बजेसम्म निश्चित

समयमा विक्रि वितरण गर्ने र सो को समन्वय सम्बन्धीत वडा कार्यालयहरुबाट गरिनेछ ।

(४) यस पालिका भित्र खपत हुन नसक्ने कृषि उपज र तरकारी अर्को पालिकामा विक्री गर्नको लागि आवश्यक समन्वय गर्ने, गराउने व्यवस्था गाउँपालिकाले मिलाउनेछ । त्यसका लागि स्थानीय स्तरमा ढुवानी गर्ने गाडीको लागि पासको व्यवस्था गाउँपालिकाले उपलब्ध गराउनेछ र गाउँपालिका बाहिर ढुवानी गर्ने गाडिको लागि पासको व्यवस्था गाउँपालकाको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराउने व्यवस्था गाउँपालिकाले गर्नेछ ।

## भागः ३

## उद्योग प्रतिष्ठान सञ्चालन

५. **क्रसर उद्योग सञ्चालन सम्वन्धी व्यवस्था :** (१) यस पालिका क्षेत्र भित्र सञ्चालित क्रसर उद्योगहरुले उद्योग सञ्चालन गर्न मजदुर वा कामदारलाई सकेसम्म आवासीय रुपमा बस्ने व्यवस्था मिलाउनु पर्नेछ ।  यदि आवासीय रुपमा राख्न मिल्ने अवस्था नरहेमा २५ जना भन्दा कम मजदुर कर्मचारीबाट मात्र काम गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) क्रसर उद्योगलाई एक भन्दा बढी सिफ्टमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने ।

(३) उद्योगका लागि आवश्यक कच्चा पदार्थ मुलुक बाहिरबाट ल्याउनु पर्ने भएमा नेपाल सरकारले तोकेको प्रक्रिया पुरा गरी भन्सार विन्दुबाट नेपाली गाडीमा सामान पल्टी गरी सामान ढुवानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यदि सामान पल्टी गर्न सक्ने अवस्था नरहेमा उक्त मालबाहक गाडीलाई डिसइन्फ्टेड गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

(४) क्रसर उद्योगहरुले गाउँपालिकाको सिफारिसमा स्थानीय प्रशासनको अनुमतिमा मात्रै अत्यावश्यक मजदुरहरुलाई सवारी साधनमा ल्याउने लैजाने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उद्योग सञ्चालनको लागि राक्सिराङ्ग गाउँपालिका बाहिरका अन्य गाउँपालिका वा जिल्लाबाट मजदुर वा कामदार ल्याउनु पर्ने भएमा आरडिटी परिक्षण गरि त्यस्ता मजदुर वा कामदारलाई अनिवार्य लेवर क्याम्पमा राख्ने व्यवस्था गर्ने ।

(६) कुनै मजदुर वा कामदारलाई कोरोना संक्रमण भएको भेटिएमा तोकिए वमोजिम पिसिआर गराउने दायित्व सम्वन्धित उद्योगको हुनेछ ।

(७) स्वास्थ्य सुरक्षा मापदण्डलाई अनिवार्य पालना गरी थर्मलगन मार्फत मजदुरको तापक्रम नियमित परीक्षण, मास्कको व्यवस्था र सावुन पानीले हात धुने व्यवस्था सहित स्यानिटाइजर प्रयोगको अनिवार्य व्यवस्था सम्वन्धित उद्योगले गराउनुपर्नेछ ।

(८) उद्योगहरुले कार्य सुचारु गर्नु भन्दा पूर्व सम्बन्धित उद्योगमा कार्य गर्ने कामदार, मजदुरहरुको सङ्ख्या, व्यक्तिगत विवरण तथा उक्त स्थानमा कति अवधिवाट कार्य गर्दै आएको हो सोको स्पष्ट विवरणहरु सम्बन्धित वडा कार्यालय र गाउँपालिकालाई उपलव्ध गराउनु पर्नेछ ।

## भागः ४

## विकास निर्माणसंग सम्बन्धित कार्यको व्यवस्थापनः

६. **गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रम सम्वन्धी व्यवस्था :** (१) गाउँपालिकामा गाउँपालिकाको आफ्नै श्रोतबाट वा प्रदेश वा संघीय सरकारको श्रोतबाट सञ्चालन भएका पूर्वाधार विकासका सडक, पुल, पुलेसा, खानेपानी, विद्यालय

भवन पुनर्निर्माण, स्वास्थ्य भवन निर्माण लगायतका विकास निर्माणको हकमा निर्माण स्थल वरिपरि (निर्माण स्थल रहेको वडा) कामदारहरु उपलव्ध भएको वा निर्माण स्थलको क्याम्पमा मौजुदा कामदारहरुको व्यवस्थापन सम्बन्धित कामको जिम्मा लिएका उपभोक्ता समिति वा निर्माण व्यवसायी स्वयमले गराउनु पर्नेछ । सम्बन्धित वडाका कामदारहरु उपलव्ध हुन नसकेमा अन्य छिमेकी वडा वा नजिकको स्थानीय तहका कामदारहरुलाई काममा लगाउन सकिनेछ ।

(२) सम्बन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण कार्य सुचारु गर्नु भन्दा पूर्व सम्बन्धित आयोजनामा कार्य गर्ने कामदार मजदुरहरुको सङ्ख्या, व्यक्तिगत विवरण तथा उक्त स्थानमा कति अवधिवाट कार्य गर्दै आएको हो सोको स्पष्ट विवरणहरु सम्बन्धित वडा कार्यालय र गाउँपालिकालाई उपलव्ध गराउनु पर्नेछ ।

(३) निर्माण व्यवसायी वा उपभोक्ता समितिले कामदारहरुको आवश्यक स्वास्थ्य सुरक्षाको निम्ति निर्माण कार्य स्थलमा हातधुने सावुन, पानि, स्यानिटाईजर र मास्क लगायतका सेफ्टिको सामाग्रीहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ । सामाजिक दुरी कायम हुने गरि कामदारहरु परिचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) निर्माण व्यवसायीले निर्माण गर्ने ठेक्काका कार्यमा कामदार मजदुरहरु क्याम्पमा वसेको हुनु पर्नेछ र सो को सुनिश्चितता निर्माण व्यवसायीले गर्नु पर्नेछ । लेवर क्याम्पमा वसेका मजदुर कामदारहरुसंग मिसिएर स्थानीय मजदुर कामदारहरुले काम गर्न चाहेमा सम्वन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले स्वास्थ्य जाँचको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) विकास निर्माणका कार्यमा सकेसम्म स्थानीय निर्माण सामाग्रीहरु प्रयोग गर्न गराउन प्राथमिकता दिइनुपर्नेछ । स्थानीय निर्माण सामाग्री वाहेक अन्य निर्माण सामाग्रीहरुको हकमा जिल्लाभित्रको सवै भन्दा नजिकको वजारवाट ल्याउनुपर्ने र जिल्लामा उपलव्ध हुन नसक्ने निर्माण सामग्रीहरु सकेसम्म नजिकको जिल्लाबाट जिल्ला प्रशासन कार्यालयबाट सवारी पास लिई ल्याउन सहजीकरण गाउँपालिकाले गर्नेछ ।

(७) निर्माण स्थलमा सामाग्री ढुवानी गर्न सवारी पासको लागि निर्माण व्यवसायी वा समितिले ढुवानी गर्ने सामग्रीको विवरण, सामाग्री ल्याउने स्थान, सवारी साधनको नम्वर, चालक तथा सहयोगीको नामथर लगायतको विवरण खोली अनुमतिको लागि सम्बन्धित वडाको सिफारिस सहित निवेदन दिनुपर्नेछ, सोही आधारमा जिल्ला प्रशासन कार्यालयबाट निर्माण सामग्री ढुवानी सवारी पास उपलव्ध गराउन गाउँपालिकाले आवश्यक पहल गर्नुपर्नेछ ।

(८) विकास निर्माण सामग्री ढुङ्गा, गिटी र वालुवा आवस्यक परेको खण्डमा गाउँपालिकको सिफारिसमा तत्काललाई स्टक रहेको श्रोतवाट मात्रै उपलब्ध गराउनु पर्नेछ ।

तर, गाउँपालिकाले तोकिदिएको खोला क्षेत्रबाट निर्माण सामाग्री ढुवानी गर्ने सवारीले सामग्री ढुवानी गर्ने क्रममा सम्बन्धित सवारीको चालक र हेल्पर भन्दा थप अन्य व्यक्ति राख्न पाइने छैन र तोकिएको निर्माण सामग्री वाहेक अन्य सामाग्री ओसार पसार गर्न पनि पाइने छैन ।

(९) निर्माण कार्यको प्राविधिक अनुगमन र सुपरीवेक्षण सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाले गर्नु पर्नेछ र सोको लागि खटिने प्राविधिक र कर्मचारीको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षाका सामग्री गाउँपालिकाले व्यवस्था गर्नेछ ।

(१०) मजदुर कामदारहरुलाई सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले नाम, थर, ठेगाना मोवाईल नंम्वर काम गर्ने स्थान र कायम रहने अवधि समेत खुलेको सामान्य परिचयपत्र उपलव्ध गराउनु पर्नेछ ।

## भाग: ५

## स्वास्थ्य सुरक्षा:

७. **स्वास्थ्य र सरसफाई सम्वन्धी व्यवस्था :** (१) कृषि उपज उत्पादन, उद्योग सञ्चालन र विकास निर्माणसंग सम्बन्धित कार्यहरुसँग सम्वन्धित पक्षहरुले आफ्नो कार्य सञ्चालनमा अनिवार्य रुपमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षाका उपायहरु पूर्ण रुपमा अपनाउनु पर्नेछ ।

(२) सम्बन्धित पक्षले कार्य स्थलमा नेपाल सरकारले तोकेको माप दण्ड अनुसार हातधुने सावुन, पानी, स्यानिटाइजर, मास्क लगायतका सेफ्टि सामाग्रीहरुको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ । साथै, सामाजिक तथा  दुरी कायम हुने गरि कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सबै कार्यमा संलग्न कर्मचारी, कामदारहरुको स्वास्थ्य जाँचको लागि आवश्यकता अनुसार कार्यस्थलबाट नजिक पर्ने स्वास्थ्य सम्बन्धी निकाय वा गाउँपालिकासँग समन्वय गर्नु पर्नेछ । उद्योगको हकमा पहिला आफ्नै स्वास्थ क्लिनिकलाई व्यवस्थित गर्नु पर्नेछ ।

(४) स्वास्थ्य सुरक्षा सहित सामाजिक दूरी कायम राख्दै कृषि उत्पादनका कार्यक्रमहरु, खानेपानि मिटर रिडिङ्ग र सरसफाईको कार्य सुचारु गर्न, गराउनको लागि आवश्यक समन्वय वडा समिति मार्फत हुनेछ ।

## भाग: ६

## सेवा प्रवाह

८. **सार्वजनिक सेवा प्रवाह सम्वन्धी व्यवस्था :** सामाजिक सुरक्षा भत्ता, विविध प्रकारका सिफारिस लगायत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिमका कार्यहरु, सामाजिक सुरक्षा भत्ता, नागरिकता सिफारिस लगायतका विविध प्रकारका सिफारिसहरु गर्न प्रारम्भीक कार्यालयको रुपमा रहेका वडा कार्यालयहरु र सोही ऐन बमोजिम तोकिएका प्रशासनिक कार्यहरु लगायतका गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कार्यहरु गर्न संघीय सरकारबाट प्राप्त निर्देशन बमोजिम सामाजिक दुरी कायम गरी कार्यालयहरु सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## भाग: ७

## सहजीकरण र अनुगमन सम्बन्धी व्यवस्था:

९. **अनुगमन तथा सहजीकरण :** गाउँपालिकास्तरमा हुने कृषि उत्पादन, विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्यहरुमा माथि उल्लेखित सम्पूर्ण व्यवस्थाहरु अनुसारण गरे, नगरेको अनुगमन तथा सहजीकरण दफा १० बमोजिमको समितिले गर्नेछ ।

(२) वडा स्तरमा हुने कृषि उत्पादन, विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्यहरुमा माथि उल्लेखित सम्पूर्ण व्यवस्थाहरु अनुसारण गरे, नगरेको अनुगमन तथा सहजीकरण दफा १० र ११ बमोजिमको समितिले गर्नेछ ।

## भाग: ८

## अनुगमन तथा सहजीकरण समिति:

**१०. गाउँपालिकास्तरीय अनुगमन तथा सहजीकरण समिति :** (१) गाउँपालिका स्तरमा कोरोना भाईरस रोग रोकथाम, नियन्त्रणको लागि यस मापदण्ड वमोजिमका व्यवस्थाहरु पालना गरे, नगरेको अनुगमन एवं सहजीकरण गर्न तपशिलको समिति रहनेछ ।

तपसिल:

गाउँपालिका अध्यक्ष:
संयोजक

गाउँपालिका उपाध्यक्ष:
सदस्य

गाउँपालिका क्षेत्रमा कृयाशिल राजनैतिक दलका प्रतिनिधि दुई जना: सदस्य

प्रमुख प्रशासकिय अधिकृत:
सदस्य

स्थानीय प्रहरी ईन्चार्ज:
सदस्य

गै.स.स.प्रतिनिधि:
सदस्य

स्वास्थ्य संयोजक:
सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ,

(क) विदेशबाट नेपाल फर्की गाँउपालिका क्षेत्रमा आइपुगेका नागरिकहरुको तथ्याङ्क संकलन गर्न वडा स्तरीय समितिलाई निर्देशन दिने ।

(ख) देशभित्र र विदेशमा अलपत्र परेका स्थानीय नागरिकहरुलाई अफ्नो गाउँघरमा आउने अवस्था भएमा क्वारेन्टाइन वा आवश्यकता अनुसार होमक्वारेन्टाइनमा अनिवार्यरुपमा राख्ने प्रबन्ध मिलाउने ।

(ग) उत्पादन, निर्माण वा जनजीविकाका लागि सवारी साधन सञ्चालन गर्नुपर्ने भएमा वडास्तरीय समितिको सिफारिसमा पास उपलब्ध गराउन आवश्यक सिफारिस गर्ने ।

(घ) नेपाल सरकारले उद्योग सञ्चालन गर्नका लागि छुट गरेका सूचि बमोजिमका उद्योगहरु सञ्चालन गर्नुपर्ने भएमा तोकिएको मापदण्ड पुरा गरी सञ्चालन गर्न सहजीकरण गर्ने ।

(ङ) कृषि उत्पादन बढाउन स्थानीय जनताहरुलाई अभिप्रेरित गर्ने र यसका लागि आवश्यक मल, विउ आदि उपलब्ध गराउन सहजीकरणका साथै वजारीकरणमा सहयोग गर्ने ।

(च) आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

**११. वडास्तरीय अनुगमन तथा सहजीकरण समिति :** (१) वडास्तरमा कोरोना भाईरस रोग रोकथाम तथा नियन्त्रणको लागि यस मापदण्ड वमोजिमका व्यवस्थाहरु पालना गरे, नगरेको अनुगमन एवं सहजीकरण गर्न तपशिलको समिति रहनेछ ।

तपसिलः

| | |
|---|---|
| सम्बन्धीत वडाको वडा अध्यक्षः | संयोजक |
| सम्बन्धीत वडाको प्रतिपक्षि राजनैतिक दलको प्रतिनिधि एकजनाः | सदस्य |

वडास्तरिय स्वास्थ्य संस्थाको प्रतिनिधि: सदस्य
सम्बन्धीत वडाको वडा सचिव: सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ,

(क) विदेशबाट नेपाल फर्की वडा क्षेत्रमा आइपुगेका नागरिकहरुको तथ्याङ्क संकलन गरी गाउँपालिकामा पठाउने ।

(ख) देशभित्र र विदेशमा अलपत्र परेका स्थानीय नागरिकहरुलाई अफ्नो गाउँघरमा आउने अवस्था भएमा क्वारेन्टाइन वा आवश्यकता अनुसार होमक्वारेन्टाइन अनिवार्यरुपमा राख्ने प्रबन्ध मिलाउने ।

(ग) आवश्यकता अनुसार सवारी साधन सञ्चालन गर्नुपर्ने भएमा पास उपलब्ध गराउन गाउँपालिका स्तरीय समितिलाई सिफारिस गर्ने ।

(घ) उत्पादनसंग सम्बन्धीत सेवा, सुविधा वा सामग्री उपलब्ध गराउनका लागि गाउँपालिका स्तरीय समितिलाई सिफारिस गर्ने ।

(ङ) कृषि उत्पादन बढाउन स्थानीय जनताहरुलाई अभिप्रेरित गर्ने र यसका लागि आवश्यक मल, विउ आदि उपलब्ध गारउन गाउँपालिका मार्फत सहजीकरण र सहयोग गर्ने ।

(च) जनजीविका एवं कृषि उत्पादनमा सामाजिक सुरक्षा भत्ताले यस अवधिमा उल्लेख्य योगदान गर्ने देखिएकोले सबै लाभग्राहीहरुले सामाजिक सुरक्षा

भत्ता तुरुन्त र सहज तरिकाले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

(छ) सबै वडा कार्यालयहरु जनताको सम्पर्क र पहुँचमा हुने सुनिश्चितता कायम गर्न आवश्यक प्रबन्ध मिलाउने ।

## भागः ९

## अन्यः

**१२. मापदण्डको पालना :** (१) यो मापदण्ड राक्सिराङ्ग गाउँपालिकाका सवै व्यक्ति, संस्था र तोकिएका पदाधिकारीले पालना गर्नुपर्नेछ ।

(२) यसको पालना नगरी उलंघन गरेको पाइएमा कृषि उपज ढुवानी, उद्योग सञ्चालन र निर्माण कार्य रोक्न लगाई सवारी अनुमति पत्र रद्द गर्न सम्वन्धित निकायलाई सिफारिस गरी प्रचलित कानुन वमोजिमम कार्यवाही समेत गरिनेछ ।

**१३. मापदण्ड लागु हुने अवधि :** यो मापदण्ड मिति २०७७/०१/२६ देखि लकडाउन अवधिभर मात्र लागु हुनेछ ।

**आज्ञाले**

**युवराज आचार्य**

**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र ।**